# स्थानीय तहको वडास्तरीय सामाजिक परीक्षण प्रतिवेदन

## २०८०, मंसीर

## राप्ती गाउँपालिका वडा नं. २ बराखुट्टी दाङ




## प्रतिवेदक


**नामसालिङ सामुदायिक विकास केन्द्र**
**इलाम**

## १. पृष्ठभूमिः

स्थानीय तहको सामाजिक परीक्षण सम्पन्न गर्न तत्कालका लागि कार्यविधि कानूनहरुको कमी रहेको अवस्थामा स्थानीय सरकार संञ्चालन ऐन २०७४ को परिच्छेद १० दफा ७८ को (५)मा उल्लेख भएको प्रावधान एवंम् विगतमा प्रचलनमा रहेको स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ मा समावेश भएका विधि, प्रक्रिया र औजारहरु र विगतका अभ्यासहरुको समेत आधारमा यो सामाजिक परीक्षण सम्पन्न गरिएको छ । दाङ्ग जिल्ला राप्ती गाँउपालिका अन्तर्गत छनोट भएका तीन वटा वडाहरु मध्ये वडा नं. २ को सामाजिक परीक्षणका क्रममा प्राप्त तथ्यहरुको आधारमा यो प्रतिवेदन तयार गरिएको छ । सहभागितात्मक योजना छनोट प्रक्रिया अवलम्बन गरी गाउँपालिकाले औपचारिक रुपमा पारित गरेको नीति, बार्षिक बजेट तथा कार्यक्रम अनुसार यस वडामा कार्यान्वयन भएका विकास गतिविधिहरु, सामाजिक सुरक्षा, नियमित नागरिक सेवा, जनसम्बन्ध, समन्वय, साझेदारी, नागरिक गुनासो तथा सूचना व्यवस्थापन, सेवाप्रदायकहरुको सामाजिक आचरण तथा आचार संहिताहरुको परिपालना जस्ता विविध विषयक्षेत्रहरुमा रही यो सामाजिक परीक्षण सम्पन्न गरिएको छ। सेवाहरु प्रदान गर्दा आफ्ना नागरिक र आम सेवाग्राहीहरु प्रति स्थानीय वडाले निर्वाह गरेको सामाजिक उत्तरदायित्व र नैतिक जिम्मेवारीहरु यस सामाजिक परीक्षणको केन्द्रविन्दुमा रहेका छन । यो सामाजिक परीक्षण राप्ती गाउँपालिका, स्थानीय वडाका जनप्रतिनिधिहरु, टोलविकास संस्थाको पदाधिकारीहरु, निर्माण उपभोक्ता समिति पदाधिकारीहरु, वडा कार्यालयका कर्मचारी, स्थानीय सेवाग्राही र सरोकारवालाहरुसँगको साझेदारी र समन्वयमा सम्पन्न गरिएको छ ।

## २. सामाजिक परीक्षणको उद्देश्यः

स्थानीय वडाले गत आर्थिक बर्षमा सम्पादन गरेका विकास कृयाकलापहरु एंवम् सुविधाहरुको सामाजिक उपलब्धी सम्बन्धी लेखाजोखा गर्नु यस सामाजिक परीक्षणको मुख्य उद्देश्य हो । प्राप्त तथ्यांक तथा सूचनाहरुको संक्षिप्त विश्लेषणका माध्यमबाट यस प्रतिवेदनले पृष्ठपोषण प्रदान गर्ने हुँदा सुझावहरुको अभिलेखीकरण समेत यसको अतिरिक्त उद्देश्य हो ।




## ३. सामाजिक परीक्षण गरिएको स्थानीय तहः

३.१. राप्ती गाउँपालिका वडा नं. २, बराखुट्टी

## ४. प्रतिवेदन प्राप्त गर्ने सरोकारवालाः

- राप्ती गाउँपालिका वडा नं. २ को कार्यालय, बराखुट्टी दाङ्ग ।
- राप्ती गाउँपालिकाको कार्यालय, मसुरिया, देउखुरी दाङ्ग ।

## ५. सामाजिक परीक्षण गर्ने संस्थाः

नामसालिङ्ग सामुदायिक विकास केन्द्र (NCDC), इलाम ।
सम्पर्क ठेगानाः राप्ती गाउँपालिका वडा न. ४ मौरीघाट
सम्पर्कः ०८२–४१३०७९
*ncdcilam@ntc.net.np*

## ६. तथ्यांक/सूचना संकलन विधि तथा प्रकियाः

स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ को आधारमा परिवर्तित सम्दर्भ सहित निम्नानुसारका विधि तथा प्रक्रियाहरु अवलम्बन गरी यो सामाजिक परीक्षण कार्य सम्पन्न गरिएको छ ।

६.१. अभिलेख अध्ययन तथा समीक्षा

६.२. उपभोक्ता समिति तथा सरोकारवाला अन्तरवार्ता

६.३. अवलोकन

६.४. लक्षित समूह/समुदाय छलफल

६.५. नागरिक अभिमत संकलन

६.६. नमुना सर्भेक्षण



यस राप्ती वडा न. २ को सामाजिक परीक्षण गर्ने क्रममा राप्ती गाउँपालिका कार्यालयको मिति २०८०/०४/३१ द.न.३४५ को कार्यादेश अनुसार वडा तहको प्रारम्भिक सरोकारवाला छलफल मिति २०८० मंसीर १४ गते वडा कार्यालयमा आयोजना गरिएको थियो । उक्त वैठक अनुसार फिल्ड अनुगमन गरी अन्तिम प्रतिवेदन तयार गरिएको छ ।

## ७. सामाजिक परीक्षणको क्षेत्रः

७.१. सामाजिक सुरक्षा ।

७.२. नियमित नागरिक सेवा ।

७.३. स्थानीय पूर्वाधार विकास निर्माण ।

७.४.जनसम्बन्ध, समन्वय र साझेदारी ।

७.५. नागरिक गुनासो तथा सूचना व्यवस्थापन ।

७.६. जनप्रतिनिधि तथा कर्मचारी आचरण, आचार-संहिताको परिपालना र उत्प्रेरणा ।

## ८. सूचनादाताहरुको बर्गीकृत विवरणः

| समुदाय | जम्मा | महिला | पुरुष | कैफियत |
|---|---|---|---|---|
| आदिबासी जनजाती | २५ | १० | १५ | |
| दलित | ११ | ३ | ८ | |
| मुश्लिम | ० | ० | ० | |
| ब्राम्हण/क्षेत्री | २३ | १० | १३ | |
| मारवाडी/मधेशी | ४ | १ | ३ | |
| अन्य | ५ | १ | ४ | |
| जम्माः | ६८ | २५ | ४३ | |
| प्रतिशतः | १००% | ३७% | ६३% | |

## ९. सामाजिक परीक्षण टोलीः

९.१. विनोद निरौला (नासाविके सम्पर्कः ९८५२६२०४१२)

९.२. शंशाङ्गबाबु आचार्य (कृषि अधिकृत नासाविके)

९.३ धर्मबहादुर यादव ( फिल्ड संयोजक)





राप्ती गाउँपालिका
२ नं. वडा कार्यालय
बराखुट्टी, दाङ
जनप्रतिनिधि तथा कर्मचारीहरुको विवरण

| क्र.सं. | नाम | पद | सम्पर्क नं. | फोटो |
|---|---|---|---|---|
| १. | पहलमान चौधरी | वडा अध्यक्ष | ९८४७९१३१०८ | |
| २. | टेक बहादुर रावत | वडा सदस्य | ९८६३१७०८३६ | |
| ३. | मन ब. पुन मगर | वडा सदस्य | ९८४७९०४४२९ | |
| ४ | पिमा गाहा मगर | वडा सदस्य | ९८६६९५५८२२ | |
| ५ | तुलसा बि.क. सार्की | वडा सदस्य | ९८०९८०१७३० | |
| ६. | सीता भण्डारी | वडा सचिव | ९८६७९५३९९६ | |
| ७. | युवक चौधरी | प्राविधिक | ९८४९८०७६५८ | |
| ८ | सिर्जना चौधरी | ना.प.से.प्रा. | ९८६८३६८०१५ | |
| ८. | राम चौधरी | का. स. | ९८०९७६७१२५ | |

## १०. विविधः

सामाजिक परीक्षण सम्बन्धी तथ्यांक तथा सूचनाहरु र तिनको विश्लेषण पछाडि खण्ड-ख मा समावेश गरिएकोछ ।

# खण्ड-ख

## राप्ती गाउँपालिका (दाङ्ग) वडा नं. २ को सामाजिक परीक्षण प्रतिवेदन

### १. वडाको आधारभूत तथ्यांक:

- वडा कार्यालयको क्षेत्रफल: २३.९ वर्गकिलोमिटर
- वडा कार्यालयले प्रत्यक्ष सेवा दिनुपर्ने घरधुरी संख्या: १३४२ घरधुरी (स्रोत गा.पा.वस्तुगत पार्श्वचित्र-२०७५)।
- सेवाग्राही जनसंख्या: जम्मा: ६७९२ जना (महिला: ३२८१, पुरुष: ३५११)
- सेवाक्षेत्रका वस्तीहरु: एकतानगर, लालमटिया, कालिकाचोक, रामनगर, बराखुट्टी, कटाहा, स्यानीघोष, बाहुनीपाटा, मुत्तिनगर ।
- आ.व. २०७८/०७९ मा सामाजिक सुरक्षा सेवा पाउने सेवाग्राही संख्या:

| विवरण | संख्या |
|---|---|
| जेष्ठ नागरिक | ३१३ |
| जेष्ठ नागरिक (दलित) | १४ |
| जेष्ठ एकल महिला | ४१ |
| बिद्यवा | ९१ |
| पूर्ण अपाङ्ग | ११ |
| अति असक्त अपाङ्ग | ३३ |
| दलित बालबालिका | ३७ |

*स्रोत: गाउँपालिकाको अभिलेख आ.व २०७९/०८०को त्रैमाषिक चौथो किस्ता निकासा विवरण*

### २. योजना कार्यान्वयनको अवस्था (सन्दर्भ आ.व. २०७९/०८०)

| क्र.सं. | विवरण | योजना संख्या |
|---|---|---|
| २.१. | टोलस्तरबाट भाग भएका योजना संख्या | १२९ |
| २.२. | कार्यान्वयनका लागि स्वीकृत योजना संख्या | ३७ |
| २.३. | सम्पन्न हुन नसकेका योजना | ५ |
| २.४ | रकमान्तर भएका योजना | ७ |

## ३. वडाको सेवा प्रवाह र विकास कार्यसम्पादन प्रतिको जनअभिमतः

| क्र.सं. | सेवाको क्षेत्र | जम्मा अभिमतकर्ता | अभिमतकर्ताको प्रतिक्रिया | | | | कफियत |
|---|---|---|---|---|---|---|---|
| | | | उत्कृष्ठ | सामान्य | कमजोर | धेरै कमजोर | |
| ३.१. | सामाजिक सुरक्षा | ३३ | २४ | ५ | ४ | ० | |
| ३.२. | नियमित नागरिक सेवा | ५१ | ३२ | १२ | ७ | ० | |
| ३.३. | स्थानीय विकास निर्माण | ४८ | २८ | १८ | २ | ० | |
| ३.४. | जन-सम्बन्ध, समन्वय र साझेदारी | ३७ | २८ | ८ | १ | ० | |
| ३.५. | नागरिक गुनासो तथा सूचना व्यवस्थापन | ४० | २५ | १० | ५ | २ | |
| ३.६. | जनप्रतिनिधि तथा कर्मचारी आचारण, आचार-संहिताको पालना र उत्प्रेरणा | ५० | ३५ | १० | ५ | ० | |
| | जम्मा अभिमत (पुनरावृत्ति): | २६१ | १७२ | ६३ | २४ | २ | |
| | प्रतिशत: | १००% | ६६% | २४.०% | ९% | १% | |

## ४. राप्ती गाउँपालिका वडा न. २ ले आ.व. २०७९/०८० मा संचालन गरेका विकास कृयाकलाप एवंम् गतिबिधिहरुको स्थलगत अवलोकनका क्रममा पहिचान भएका योजनागत सामाजिक पक्षहरु

### ४.१ पूर्वाधार तर्फ



### ४.१.१ वडा न. २ का सडक मर्मत तथा ग्रावेल

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- टुडिखेल बस्ती सडकको अधिकांश खण्डमा गाडी फस्ने सम्स्या थियो
- यो सडकबाट सरकारी र नीजि बिद्यालय जाने प्रमुख बाटो मध्ये एक भएकोले बर्खायाममा स साना बिद्यार्थीहरुलाई समस्या र जोखिम थियो ।
- ट्र्याक्टर तथा मझौला गाडीले हिलो तथा धुलो पार्ने भएकोले सार्वजनिक काम
- **ख) सम्पन्न भएका कामहरु**
- वडाका विभिन्न धुले सडकहरुको खाल्डा पुर्ने तथा चौडा गरिएको छ ।
- माटो फिलिङ तथा ग्राभेल गरिएको छ ।
- सडक मापदण्ड अनुसार कच्ची सडकको मापदण्ड प्रयास भएको छ ।

### ग) सामाजिक उपलब्धी

- नालाको पानी चडेर सडक अवरुद्ध पार्ने काम नियन्त्रण भएको छ ।
- बिद्यालय जाने साना उमेरका बिद्यार्थीहरुलाई आवत जावत गर्न सहज भएको छ ।
- सडक मापदण्ड कायम भएको छ र यातायात संचालनमा सहजता भएको छ ।

### घ) सुझाव

- यो सडकको राजमार्गसँग जोडिएको क्षेत्र घुमाउरो भएकोले पानी निकास सहज नालामा पुगेको छैन ।
- सडकको मापदण्डयुक्त लेभल मिलाउन बाँकी भएकोले थप ग्रावेल हाल्नु आवश्यक छ ।

## ४.१.२ मुक्तीनगको मणिराम चौधरीको गल्ली मर्मत

सम्पर्क व्यक्तिः श्री मणीराम चौधरी

### क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?

- यो बाटो होचो भएकोले मानववस्तीमा चडेर घर तथा वस्तीमा क्षति पुग्ने गरेको थियो ।
- वस्ती विकास हुदै गरेको क्षेत्र भएपनि बर्खा याममा हिलो हुने गरेकोले ग्रावेल अनिवार्य थियो ।



### ख) सम्पन्न भएका कामहरु

- यसस सडकको करिव ३६० मीटर सम्म माटो फिलिङ तथा ग्राभेल गरिएको छ ।
- सडक मापदण्ड अनुसार कच्ची सडकलाई चौडा गरिएको छ ।
- मर्मत भनिएपनि बास्तविक काम चाहि ग्रावेल फिलिङ्गमात्र गरिएको छ ।

### ग) सामाजिक उपलब्धी

- खोला तथा नालीबाट आउने पानी चडेर सडक अवरुद्ध पार्ने काम नियन्त्रण भएको छ ।
- पानीको निकास भएको छ ।
- आवत जावत गर्न सहज भएको छ ।
- आवासीय क्षेत्र सौन्दर्यीकरणको लागि आधार तयार भएको छ ।

### घ) सुझाव

- यो योजना सम्झौता हुँदा मर्मत भनिए पनि बास्तविक नाली निर्माणको काम गर्ननै बाँकी छ, फिलिङ्ग गर्ने काम मात्र गरिएकोले नाली निर्माण पुनः गनुपर्ने देखियो ।
- क्रमागत योजना मार्फत कालोपत्रे गर्नुपर्ने ।

### ४.१.३ बुटेनीटोलमा बाटो मर्मत

सम्पर्क व्यक्ति: श्री आत्माराम सुवेदी



**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- यो बुटेनीटोलका सडक साघुरो ३ मी मात्र थियो ।
- कच्ची बाटो भएको धुलोले जनस्वास्थ्यमा नकारात्मक असर र घरहरुमा समेत धुलो धेरै आउने गर्थ्यो ।
- सडकमा खाल्डा परेकोले हिडडुलमा समस्या थियो ।

**ख) सम्पन्न भएका कामहरु**

- कृषि सडक स्तरोन्नती सहित निर्माण भएकोछ ।
- सडक मापदण्ड अनुसार ६ मिटर चौडा तयार भएको छ ।

**ग) सामाजिक उपलब्धी**

- यस मार्गमा धूलो कम भएको छ ।
- कामदारको रुपमा सडक निर्माणको क्रममा स्थानीय रोजगारीको अवसर सृजना भएको थियो ।
- आवासीय क्षेत्र सौन्दर्यीकरणको लागि आधार तयार भएको छ ।

**घ) सुझाव**

- सम्झौता अनुसार पूर्ण रकम उपलब्ध गराउने प्राविधिक मापदण्ड नपुगेको ले उपभोक्ताले व्यक्तिगत लागनी समेत गर्नुपरेको छ ।

### ४.१.४ बाउन्नेपाटा सडक मर्मत

सम्पर्क व्यक्ति: श्री प्रेम सुनारी मगर (९८४५२००४००)

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- यो बाटोमा नाला निर्माण नभएकोले बर्खायाममा हिड्डुलमानै समस्या थियो ।
- चुरे क्षेत्र भएकोले बर्खामा खहरे पानीले बिगार्ने र कटान हुने क्रम थियो ।
- विरामी र आपतकालमा नियमित सवारी साधान संचालनमा कठिनाई थियो ।

**ख) सम्पन्न भएका कामहरु**

- चैतेबाट सडक बाहुनीपाटा सडक मर्मत गरिएको छ ।
- सडक मापदण्ड अनुसार कच्ची सडकलाई चौडा साथै माटो फिलिङ गर्ने कार्य गरिएको छ ।
- खोल्सीमा ढुङ्गा फिलिङ्ग गरिएको छ ।

**ग) सामाजिक उपलब्धी**

- वडा न. २ बाहुनीपाटा तर्फबाट आवत जावत गर्न सहज भएको छ ।
- वडा न. २ बाहुनीपाटा हुदै सिक्रे, घोषखोला, जावुने, सल्ले क्षेत्रमा सडक सम्पर्क स्थापना भएको छ ।
- सडकको क्षेत्राधिकारलाई लिएर भएको सामाजिक द्वन्द्ध व्यबस्थापन भएको छ ।



- निर्वाचित वडा प्रतिनिधिहरुको सहयोगमा योजना छनौट तथा कार्यान्वयन एवंम् अनुगमन गरिएको हुँदा पारदर्शीता कायम भएको देखियो ।

**घ) सुझाव**

- सडक नाली निर्माणको कार्य शुरुवात भएपनि यस सडकको बाँकी खण्डलाई पूर्णता दिनुपर्ने देखिन्छ ।
- निर्माण भएको सडकमा माटो फिलिङ गरिएकोले बर्खायाममा हिलो हुने संभावना छ त्यसैले खोल्सीमा ह्यूमपाई राख्नुपर्ने देखिन्छ ।
- बाहुनीपाटा क्षेत्रको स्यानीघोष खोलामा मोटरेवल पुल निर्माण गर्नुपर्ने आवश्यक छ ।

## ४.१.५ सिक्रे सौर्यपम्म सिंचाई योजना

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- राप्ती वडा न. २ को सिक्रे वस्तीका अधिकांश समुदाय कृषिमा आश्रित भएपनि सिंचाईको सुविधा थिएन ।
- घोषखोलाको जलाधार भित्रपर्ने वस्तीभएपनि सिक्रे सुख्खा भूमि थियो ।



**ख) सम्पन्न भएका कामहरु**

- घोषखोलाबा सौर्यपम्प प्रणालीमा आधारित सिंचाई योजना संचालन भएको छ ।
- गाउँपालिका, प्रदेश तथा नामसालिङ सामुदायिक विकास केन्द्रको साझेदारीमा नमूना योजना संचालन भएको छ ।

**ग) सामाजिक उपलब्धी**

- सिक्रेका २२ घरका कृषकहरुलाई सिंचाई सुविधा प्राप्त भएको छ।
- स्थानीय रुपमा तरकारी तथा नगदेबाली उत्पादन शुरुवात गरिएको छ।
- सौर्यपम्प प्रणाली जडान पश्चान दैनिक संचालन ईन्धन खर्च नलाग्ने भएकोले वातारण मैत्री प्रविधि स्थापना भएको छ।
- कृषि तथा तरकारी खेतिमार्फत समुदायको पोषण अवस्था र आर्थिक अवस्थामा सहज हुने वातावरण तयार भएको छ।

**घ) सुझाव**

- सिंचाई सुविधा पुगिसकेकोले आगामी दिनमा कृषिका प्रविधि मार्फत उत्पादमुखी कार्यक्रमसँग जोड्नुपर्ने देखिन्छ।
- जडान भएको सौर्यपप्म सिस्टमको दिगो मर्मत कोष र प्रकोप क्षति सुरक्षाको पूर्व सावधानीमूलक कृयाकलापहरु संचालन गर्नुपर्ने देखिन्छ।
- यस किसिमको नवीकरणीय ऊर्जा आधारित किफायती प्रविधि अन्य वडामा र क्षेत्रमा विस्तार गर्न प्रचारप्रसारको कार्यलाई जोडदिनुपर्ने देखिन्छ।

## ४.१.६ शैक्षिक सुधार कार्यक्रम

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- **बिद्यालयमा बिशेष कार्यक्रम सचालन थिएन।**
- सीपमूलक तालिम जन्य कक्षा संचालन थिएन।
- बिद्यालयको शैक्षिक तथा अतिरित्त कृयाकलापहरुमा प्रवर्द्धनात्मक कार्यक्रम थिएन।



**ख) सम्पन्न भएका कामहरु**

- राष्ट्रिय सुरक्षा ल्ऋऋ को कार्यक्रम संचालन गरिएको छ।
- ३ महिने आधारभूत सैन्य अनुसासन तालिम संचान गरिएको छ।
- खेलकुद प्रवर्द्धनत्मक कार्यक्रम संचालन गरिएको छ।
- बुक फ्रि फ्राईडे अभियान शुरु गरिएको छ।

**ग) सामाजिक उपलब्धी**

- बिद्यार्थीहरुमो अनुशासन पालना बृद्धि भएको छ।
- शैक्षित तथा खेलकुद क्षेत्रमा सुधार भएको छ।
- बिद्यालय तहमानै सीपमूलक शिक्षा अभियान जागरण भएको छ।

- बिद्यालयको सरसफाई र सौन्दर्यमा सहयोग पुगेको छ ।

**घ) सुझाव**

- बिद्यालयको समग्र शैक्षिक अवस्थामा सुधारको लागि फोहरमैला संकलन स्थल र शौचालय प्रयोगको लागि पानीको प्रवन्ध गर्नु आवश्यक देखिएको छ ।
- बालक्लब मार्फत प्रतियोगितात्मक कार्यक्रम थप गर्नुपर्ने छ ।
- बिद्यार्थी सीप विकास अभ्यासको लागि मेसिन तथा उपकरणहरुको थप प्रवन्ध गर्नुपर्नेछ ।

## ४.१.७ दृष्टिबिहिन बिद्यार्थीको आबासको लागि भवन निर्माण अनुदान

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- बिद्यालयको भवन जीर्ण भएकोले छतको धुलो खस्ने समस्या थियो ।
- भवन निर्माण भएपनि फिनिसिङ गरिएको थिएन ।



**ख) सम्पन्न भएका कामहरु**

- आर्दश नमूना मा विको दृष्टिविहिन बिद्यार्थी भवन प्लाष्टर तथा फिनिसिङ गरिएको छ ।
- करिव १७ लाख बराबरको योजना सम्पन्न गरिएको छ ।

**ग) सामाजिक उपलब्धी**

- दृष्टिबिहिन तथा अन्य शारिरीक दुर्वलता भएका बिद्यार्थीहरुको लागि सुरक्षित आवासको प्रवन्ध शुरुवात भएको छ ।
- वडामा शैक्षिक पूर्वाधार विकास गर्न व्यक्तिगत साझेदारी अभ्यास शुरुवात भएको छ

- **घ) सुझाव**
- बिद्यालयको नवनिर्मित भवनमा कम्पाउण्ड  थप निर्माण गर्नुपर्ने देखिन्छ ।

## ४.१.८ लालमटियाको बालविकास भवन मर्मत

सम्पर्क व्यक्तिः श्री सरिता भूषाल

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- बालविकास भवनको छानो पुरानो भएको बर्खामा चुहिने समस्या थियो ।
- बाबालिका बस्ने स्थानमा छानो छोटो भएकोले बर्खामा बाछिट्टा पस्ने समस्या थियो ।

**ख) सम्पन्न भएका कामहरु**

- लालमटिया बालविकासको लाछी गासिएको छ ।
- भवनको भुई प्लाष्टर गरिएको छ ।



**ग) सामाजिक उपलब्धी**

- बालबालिकाहरुलाई बालकक्षामा बस्न सहज भएको छ ।
- धुलो नियन्त्रण भएकोले बालबालिकको स्वास्थ्यमा नकारात्मक असर न्यूनिकरण भएको छ ।
- वडा कार्यालयको बजेट विनियोजन समावेशी भएको प्रष्ट भएको छ ।

**घ) सुझाव**

- बालबालिकाको लागि सुरक्षित शौचालय निर्माण गर्नुपर्ने ।
- बालकक्षामा पिउन स्वच्छपानीको प्रवन्ध गर्नुपर्ने ।

## ४.१.९ स्वास्थ्य एकाई कार्यालय, निर्माण सम्पन्न

सम्पर्क व्यक्तिः श्री कयेरसिंह तारन

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- सामुदायिक स्वास्थ्य एकाइ नभएकोले न्यूनतम स्वास्थ्य सेवा लिन भालुवाङ आउनुपर्ने अवस्था थियो ।
- नियमित खोप सेवा संचालन गर्दा बर्खा वा घाममा सेवा प्रदान गर्न स्थान पर्याप्त थिएन ।



**ख) सम्पन्न भएका कामहरु**

- स्वास्थ्य एकाईको भवन निर्माण गरी रङरोकन लगाउने कार्य सम्पन्न गरिएको छ ।

**ग) सामाजिक उपलब्धी**

- सामुदायिक स्वास्थ्य दुर्गम स्थानमा निर्माण गरिएको छ ।
- समुदायमा स्वास्थ्य पूर्वाधार निर्माण भएको छ ।
- नियमित खोप संचालनमा सहजता हुने छ ।

**घ) सुझाव**

- स्वास्थ्य एकाइ पूर्वाधार निर्माण भएपनि जनशक्ति मार्फत नियमित सेवा सुरु गर्नुपर्नेछ ।
- शौचालय, फोहर व्यबस्थापन केन्द्र तथा पिउनेपानीको प्रवन्ध गर्नुपर्ने छ ।
- स्वास्थ्य केन्द्रमा नागरिक वडापत्र सहित उपलब्ध गराइने सेवाहरको जानकारी बोर्ड जडान गर्नुपर्ने ।

## ४.१.१० लालमटिया तथा टुडिखेल टोलमा भल्ब निर्माण तथा मर्मत

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- कृषिमा आश्रित समुदाय भएपनि सिंचाई प्रविधिको अभाव सुख्खा थियो ।
- डिपबोरिङको कमरेज क्षेत्र भएपनि विचमा बाटो तथा नीजि घडेरी पर्ने भएकोले समस्या थियो ।

**ख) सम्पन्न भएका कामहरु**

- सिंचाई भल्ब स्थानान्तर गरिएको छ ।
- पानी वितरणको लागि पक्की भल्ब निर्माण गरिएको छ ।

**ग) सामाजिक उपलब्धी**

- सुख्खा क्षेत्रमा पनि सिंचाई सुविधा पुगेको छ ।
- घरेलु स्तरमा सागसब्जी तथा करेशाबारी खेति पद्धति शुरुवात गरिएको छ ।
- स्थानीय टोलमा बजेट विनियोजन मार्फत छोटो अविधको भएपनि स्थानीय रोजगारी सृजना भएको छ ।



**घ) सुझाव**

- निर्माण भएको संरचनाको दिगो संचालन गर्न मर्मत शुल्क किटान गरी दिगो संरक्षण प्रयास गर्नुपर्ने देखिन्छ ।

## ४.१.११ एकता नगर कटान संरक्षण

सरस्वती सार्की, उपभोक्ता

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- करम्दी सामुदायिक वनबाट बर्खामा आउने खहरे भलले जमिन कटान गर्‍यो ।
- एकता नगरको केही घरहरु भूक्षय तथा पहिरोको जोखिममा थिए ।

**ख) सम्पन्न भएका कामहरु**



- कटान नियन्त्रणको लागि तारजाली तथा सिमेन्टको पर्खाल लगाइएको छ ।

**ग) सामाजिक उपलब्धी**

- जोखिमयुक्त घरहरुको तत्कालको क्षति न्यूनिकरण भएको छ ।
- भल नियन्त्रणको वैकल्पिक उपाय अपनाइएको छ


**घ) सुझाव**

- कटान नियन्त्रणको लागि बजेट अभावको कारण जोखिम पूर्ण न्यूनिकरण भईसकेको छैन ।
- अझैपनि केही घर र करेशाबारी कटान गर्ने संभावना रहेकाले तत्काल नियन्त्रणको पहल गर्नुपर्नेदेखिन्छ ।

## ४.१.१२ मुक्तिनगर देखि टुडिखेल सम्म डुवान क्षेत्र व्यबस्थापन

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- टुडिखेल चौरको पानी बाटो नाघेर गएपछि सडक डुवाउने समस्या थियो ।
- बर्खाको समयमा यहाँको भूभाग अस्त्य व्यस्थ तथा डुवान हुने समस्या थियो ।



**ख) सम्पन्न भएका कामहरु**

- चौरको बाटोका भाग अलग अलग गरी पक्की ढल निर्माण गरिएको छ ।

**ग) सामाजिक उपलब्धी**

- भल नियन्त्रणको वैकल्पिक उपाय अपनाइएको छ ।
- सडक डुवाउने जोखिम कम भएको छ ।

**घ) सुझाव**

- भल नियन्त्रणको लागि पक्की संरचना बनाउन धेरै बजेट आवश्यक पर्ने भएपनि क्रमागत योजनामा नपरेको हुनाले थप बजेट विनियोजना गर्नुपर्ने देखिन्छ ।
- पालिका स्तरको प्रकोप नियन्त्रण कार्यक्रम मार्फत यो समस्या संबोधन गर्नुपर्ने देखिन्छ ।

### ४.१.१३ फूर्सी परियारको घरछेऊको कुलोमा तारबार

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- सडकको घुमाउरो क्रस सेक्सनमा नहरको डिल भएकोले सुरक्षा जोखिम थियो ।
- पैदल यात्रु सडक किनारबाट डुवेर मरेको समेट घटना घटेको थियो ।
- बिद्यार्थी तथा असक्तलाई जोखिम थियो ।



**ख) सम्पन्न भएका कामहरु**

- सडक किनारको नहरको जोखिम स्थानमा तारजाली लगाइएको छ ।

**ग) सामाजिक उपलब्धी**

- नहरमा डुब्ने जोखिम नियन्त्रण भएको छ ।
- बिद्यार्थी तथा अन्य आवासीय क्षेत्र भएकोले सुरक्षित भएको छ ।

**घ) सुझाव**

- बजेट अभावको कारण सवै जोखिम युक्त क्षेत्रमा तारजाली लगाउन सकिएको छैन ।
- पालिका स्तरको प्रकोप नियन्त्रण कार्यक्रम मार्फत यो समस्या संबोधन गर्नुपर्ने देखिन्छ ।

## ५. वडाले दिने सेवाहरु सम्बन्धी सामाजिक परीक्षणको क्रममा पाइएका केही सूचना तथा जानकारीहरुको सारसंक्षेप


### ५.१. सामाजिक सुरक्षा सम्बन्धीः

- सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने व्यक्तिहरुको अभिलेख अद्यावधि अवस्थामा रहेको छ ।
- सामाजिक सुरक्षा भत्ता बैकिङ्ग प्रणाली मार्फत वितरण गरी सेवालाई भरभर्दो बनाउन प्रयास गरिएको छ ।
- सामाजिक सुरक्षाभत्ता वितरणका लागि स्थानीय बासिन्दा र सरोकारवालाहरुले सचेत र सहयोगी भूमिका निर्वाह गरी वडा कार्यालयको सामाजिक सुरक्षा सम्बन्धी कार्यसम्पादनलाई प्रभावकारी बनाउन सहयोग पु-याएका छन ।

- स्वास्थ्य विमा कार्यक्रम शुरुवात

## ५.२. नियमित सेवाप्रवाह (नागरिक सेवा):

- वडा कार्यालयको आफ्नै फराकिलो कार्यालय भवन मार्फत सेवा प्रवाहमा थप सहज भएको र जनसम्पर्क स्थापना एवंम सेवाग्राही मैत्री कार्यालय भवन रहेको पाईयो ।
- लुम्बिनी प्रदेश राजधानीको प्रस्ताव भएपश्चात यस क्षेत्रका जग्गा किनावेचको प्रकृया रोक्का रहेकोमा सम्बन्धित स्थानीय सरकाको सिफारिसमा बैङ्किक कारोवार प्रयोजनमा लागि प्रकृयागत सहजीकरण गरेको पाइयो ।
- आवश्यकता अनुसार घरजग्गा रजिष्ट्रेशन, नागरिकता, राहदानी, व्यवसाय दर्ता, अनुदान सहयोग प्राप्ती, गरिब तथा विपन्न परिचय-पत्र, स्वास्थ्योपचार सेवा आदिका लागि दिनुपर्ने सिफारिस सेवा समयमै, प्रभावकारी ढङ्गले सहज रुपमा प्रदान गरिएको पाईयो ।
- भूमी सम्बन्धी समस्या समाधानको लागि गठन भएको समितिलाई सहजीकरण तथा बास्तविक भूमिहिनहरुको पहिचानमा प्रमुख भूमिका निर्वाह गरेको पाइयो ।
- नियमित सेवालाई प्रभावकारी बनाउन सेवा प्रदान गरिने कक्ष/विभागहरु अलग अलग गरी व्यवस्थापन गरिएको पाईयो ।



२ नं. वडा कार्यालय बराखुट्टी दे. दाङ को नागरिक वडा-पत्र

मालपोत, भुमि कर

| क्र.स. | साकि गा.वि. | वर्ग | विवरण स्थान | माल पोत दर प्रति कट्ठा रु. |
|---|---|---|---|---|
| १. | लालमटिया | | १. भालुवाङ बजार क्षेत्रको न.वि. स. बाट वितरण भएका समेत प्यूठान र भित्री सडक संग दाँया बाँया जाडिएका जग्गा | रु .२५० |
| | | | २. राजमार्ग संग दाँया, बाँया जोडीएका जग्गा | रु. २५०/- |
| | | | ३. भालुवाङ बजार बाहेका अन्य पक्की सहायक सडक संग दाँया बाँया जोडीएका जग्गा | रु. १२०/- |
| | | | ४. पहाडी क्षेत्र बाहेक सबै प्रकारका कच्ची सडक संग दाँया बाँया जाडीयका जग्गा | रु. ८०/- |
| | | | ५. ३ढ, ३त,३ण, ४ग, ४घ, ५ख,६क,६ख,६ग ७क,७ख, ८ख, ८घ, खेती योग्य जग्गा | रु. ४०/- |
| | | | ६. पहारी क्षेत्र कच्ची तथा ग्रावेल बाटोको दाँया बाँया का जग्गा | रु. २०/- |
| | | | ७. खेति योग्ग जग्गा तराई | रु. ४०/- |
| | | | ८. खेति योग्ग जग्गा पहाड | रु २०/- |
| २. | सिसहनीयाँ | | १. ४क, ४ग, ५क,५ख, ६ख, ७क, ७च, राजमार्ग जंग दाँया बाँया जोडीयका जग्गा | रु. २५०/- |
| | | | २.पक्की सडक संग दाँया बाँया जोडीएका जग्गा | रु.१२०/- |
| | | | ३. अन्य सबै प्रकारका सडक संग दाँया बाँया जोडीयका पहाडी क्षेत्र बाहेक | रु. ८०/- |
| | | | ४. ४क, ४ग,५क,५ख,६ख,७क,७च, खेति योग्य जग्गा | रु. ४० |
| | | | ५ पहाडी क्षेत्र कच्ची बाटोको दाँया बाँया पर्ने जग्गा | रु. २०/- |
| | | | ६. खेति योग्ग जग्गा तराई | रु. ४० |
| | | | ७. पहाड | रु .२० |
| ३. | हाँसीपुर १,२ | | १. खेत र खेती योग्य जग्गा | रु. २० |
| | | | २. पाखो खेति योग्गय जग्गा | रु. २०/- |
| ४ | | अन्य | १. अन्य पाखो जग्गाहरु | रु. १० |
| | | | २. नदि कटान तथा पहिरो कटानमा परेका जग्गाहरु | रु. १० |

- नागरिक बडा-पत्र लगायत सार्वजनिक सूचना र जानकारीमूलक सामग्रीहरु यथासम्भव सेवाग्राहीको सुविधालाई केन्द्रीत गरी राखिएको छ ।
- व्यक्तिगत घटना दर्ता सम्बन्धी सेवा निर्धारित समयमा सरल र सहज रुपले प्रदान गरिएको छ । सर्जमिन मुचुल्का गर्नुपर्ने घटनाहरु बाहेकको हकमा तत्काल सेवा प्रदान गर्ने व्यवस्था मिलाईएको छ ।
- पालिका, भूमि आयोग, नगरविकास तथा अन्य सरोकारवालाहरुको सहयोग अस्थायी तथा अव्यबस्थित बसोबास पहिचान गरी अस्थायी निष्सा, चारकिल्ला निस्सा प्रदान गरिएको पाइयो ।

- कार्यालयको अलग्गै गुनासोपेटिका राखेको भएपनि खुला रहेको पाइयो ।

## ५.४. स्थानीय विकास निर्माण

- वडास्तरीय वार्षिक योजना तर्जुमाका सबै चरणहरुमा सहभागीतामूलक प्रक्रिया अबलम्बन गरिएको छ । योजना तर्जुमा कार्य समय सीमा भित्र सम्पन्न गरिदै आएको छ । बस्तीस्तरबाट छनोट र प्राथमिकीकरण

गरिएका योजनाहरुको  कार्यान्वयनलाई नै पहिलो प्राथमिकतामा राख्ने पद्धति अवलम्बन गरिएको छ ।

- गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम, तथा बजेटको प्रकृति अनुरुप वडास्तरीय योजनाहरुको छनोट तथा प्राथमिकीकरण गर्न वडास्तरमा समेत सहजीकरण गरिदै आएको पाइयो । यस प्रकृयामा निर्वाचित जनप्रतिनिधिहरुको भूमिका प्रंशसनीय रहेको पाइयो ।
- आ.व. २०७९/०८० को अवधिमा गाउँ सभाबाट पारित यस वडाका योजनाहरु मध्ये करीब ८५% योजनाहरु जस्ताको तस्तै कार्यान्वयन भएको पाईयो । बाँकी १५% योजनाहरु संशोधन सहित कार्यान्वयन भैरहेका क्रमागत ठूला प्रकारका योजनाहरु रहेका छन । ठूला र दुरगामी असर पार्ने पूर्ण रुपमा असफल भएका योजनाहरु नभएको पाईयो ।
- वार्षिक गाउँसभाबाट छनोट भएका योजनाहरु उपभोक्ताहरुको सकृय सहभागितामा कार्यान्वयन भएका छन । नियम संगत भुक्तानीको प्रबन्ध गरिएको छ । योजना संचालन र भुक्तानी प्रक्रियाको बारेमा उपभोक्ता समिति र स्थानीय सेवाग्राहीहरुमा उल्लेख्य प्रकारको गुनासो रहेको पाइएन । तथापी परीक्षण गरिएका पूर्वाधारका योजनाहरुलाई निरन्तरता दिनुपर्ने देखिएको छ ।
- बजेट निकासा तथा बील भुक्तानीका लागि प्रक्रिया पुरागर्न कर्मचारी र जनप्रतिनिधिहरुले सहयोग गरेको स्थानीय उपभोक्ताहरुको प्रतिक्रिया रहेको छ । स्थानीयस्तरमा रहेका केही गुनासोहरु समेत अधिकांश सम्बोधन गरिएका छन ।




- बजेट निकासाका तथा परिचाालनका लागि समयमै प्रबन्ध मिलाईएको छ । बजेट खर्च अघि सोको परिचालनको लागि कार्यविधिमा तोकिएको प्रक्रिया अवलम्बन गरिएको छ ।
- योजनाहरुको पारदर्शीता र जवाफदेहिता अभिवृद्धिका लागि योजनास्तरमा सार्वजनिक परीक्षण अनिवार्य रुपमा गरिदै आएको छ ।

- गाउँ कार्यपालिकाका पदाधिकारी, विषयगत कर्मचारी र प्राविधिकहरुद्वारा उपभोक्त समिति गठनदेखिनै समय समयमा आवश्यकता अनुसार योजनाहरुको स्थलगत सुपरीक्षवेक्षण तथा अनुगमन गरी सार्वजनिक खर्च प्रक्रियालाई जिम्मेवारपूर्ण, पारदर्शी र प्रभावकारी बनाउन प्रयास गरिएको छ । यस प्रक्रियाले निर्माण सम्बन्धी योजनाहरुको गुणस्तर कायम गर्न मद्दत पुगेको स्थानीय समुदायको प्रतिक्रिया रहेको छ ।



- पूर्वाधारहरुका अतिरिक्त महिलाहरुका लागि सीपमूलक तालिम, चप्पल बनाउने, गौधुप बनाउने तालिम र कृषकहरुका लागि बैमौसमी तरकारीखेती प्रविधि तालिम सम्पन्न गरी आय-आर्जन र क्षमताविकासमूलक गतिविधिहरु प्रबर्द्धनका लागि वडाले प्रयास गरेको पाईएको छ ।
- वडामा मात्र नभई गाउँपालिका क्षेत्रकै उदाहरणी कार्यको रुपमा निजी तथा गैसस क्षेत्रसँगको साझेदारीमा बाहुनीपाटा सिंचाई, सिक्रे जस्ता क्षेत्रमा समूह प्रबर्द्धन गरी एकीकृत उपलब्धी हासिल गर्न प्रयास गरेको पाईएको छ ।

## ५.५. जनसम्बन्ध, समन्वय र साझेदारीः

- जनप्रतिनिधि, कर्मचारी र सेवाग्राहीहरु बीचको पहुँच र सम्बन्ध निकट रहेको पाईएको छ ।
- वडा कार्यालय, गाउँपालिका, जिल्ला र प्रदेशबाट संचालित विकास गतिविधिहरु संयोजनका लागि वडा प्रतिनिधिहरुले समेत समन्वय र साझेदारीका लागि पहल गर्ने गरिएको स्थानीय सेवाग्राहीहरुको प्रतिक्रिया रहेको छ ।
- स्थानीय तथा राष्ट्रिय गैसस, आमसञ्चार क्षेत्र, सहकारी, उपभोक्ता समुह तथा निजी क्षेत्रको समेत सहभागिता र लगानी साझेदारीमा विकास निर्माण योजनाहरु कार्यान्वयन गरिदै आएका छन । अतः जनसम्बन्ध, समन्वय र स्रोत साझेदारीका दृष्टिले जनप्रतिनिधि तथा कर्मचारीहरुको भूमिका उलब्धिमूलक रहेको स्थानीयहरुको प्रतिक्रिया रहेको छ । शहरी फोहरमैला व्यवस्थापनका लागि निजीक्षेत्रसँगको सहकार्य/साझेदारी थालनी गरिएको छ ।
- स्थानीय विकास निर्माण र सार्वजनिक चासोका विषयहरुमा समय समयमा राजनीतिक दल, नागरिक समाज, कर्मचारी, टोलविकास समिति, उद्योग बाणिज्यसंघ, होटल व्यबसायी, यातायात व्यबसायी, बुद्धिजीवि लगायत स्थानीय वासिन्दाहरु बीच समेत सर्वपक्षीय छलफल सहित समन्वय र साझेदारीका सम्भावनाहरु खोज गर्न स्थानीय जनप्रतिनिधिहरुले पहल गरेको पाईयो ।

## ५.६. नागरिक गुनासो तथा सूचना व्यवस्थापनः




- कार्यालयमा हुनुपर्ने आधारभूत सेवा र सेवाग्राही सम्बन्धी तथ्यांक अद्यावधिक अवस्थामा राखिएको छ । कम्प्यूटर प्रणालीमा आधारित तथ्यांक रहेको हुँदा वडाको कार्यसम्पादन प्रणाली छिटो छरितो प्रकारको रहेको यस सामाजिक परीक्षणको क्रममा पाईएको छ ।
- 
- नागरिकहरुको गुनासो सुनुवाईको लागि छुट्टै इकाई वा डेस्क गठन गरिएको छैन तथापि गुनासो सुनुवाईका लागि जनप्रतिनिधिहरुको उपलब्धता सहज रहेको पाईएको छ ।
- गुनासो तथा पृष्ठपोषणहरु प्राप्त गर्ने, प्राप्त गुनासोहरु बारे छलफल गर्ने र अभिलेखीकरण गर्ने कार्य औपचारिक रुपमा अपनाउन सकिएको छैन । नागरिक वडापत्र राखिएको भएपनि गुनासो पेटिका खुला भएको पाईएको छ ।

## ५.७. सार्वजनिक आचरण, आचार संहिताको परिपालना तथा उत्प्रेरणाः

- वडाका जनप्रतिनिधिहरुले आ-आफ्नो सार्वजनिक छविलाई स्वच्छ राख्न प्रयास गरेको र नैतिक रुपले पतन हुने कुनैपनि कामहरुमा संलग्न नभएको सामाजिक परीक्षणको क्रममा स्थानीयको प्रतिक्रिया रहेको छ ।
- विकास निर्माण योजनाहरुको कार्यान्वयनमा आर्थिक फाईदाका लागि जनप्रतिनिधिहरुको प्रत्यक्ष संलग्नता नरहेको पाईएको छ ।

## ५.८. गत आर्थिक बर्षमा वडाले संचालन गरेको केही गरौभका कृयाकलापहरुः

- गतवर्ष वडा नं. २ मा संचालित योजनाहरु मध्ये कामको गुणस्तर, उपादेयता, समय, बजेट र जनसहभागिताका दृष्टिले केही उपलब्धीपूर्ण कृयाकलापहरु यस प्रकार रहेको पाईयो ।
- हर्षेडाँडामा पर्यटकीय पूर्वाधार निर्माण
- बाहुनी पाटा तथा सिर्के सौर्यपम्प सिंचाई योजना
- बिद्यार्थीहरुमा उद्यमशीलता विकासको लागि बिद्यालय स्तरदेखिनै सिप विकास गराउने उद्धेश्यले सिलाई सिप विकास
- गौधुप निर्माण संचालन
- जेष्ठ नागरीहरुलाई घरघरमा निशुल्क स्वास्थ्य उपचारसेवा प्रदान
- सडक मानवहरुको जोखिम अवस्था पहिचान तथा तत्काल उद्धार कार्यक्रम
- बैदेशिक रोजगारीका क्रममा घाइते उद्धार समन्वय
- जेष्ठनागरीकलाई सामामजिक सुरक्षामा आवद्ध प्रकृया,
- भूमिहिन सुकुम्बासीहरुको अस्थायी बसोबासको नक्साकंन कार्य
- उपाध्यक्ष कोसेली कार्यक्रम

- योगशिविर संचालन
- राष्ट्रिय स्वयंमसेवक उत्पादन तालिम
- कच्चीछाना बिस्थापन
- साना मझौला सडक एवम् कलवर्ड मर्मत
- बाहुनीपाटा स्वास्थ्य एकाई निर्माण
- फोहोरमैला व्यबस्थापनको लागि सरसरफाई केन्द्र स्थापना,
- कृषहरुलाई बिऊबिजन सहयोग
- वडास्तरीय खेलकुद प्रवर्द्धन
- स्वास्थ्य शिविर संचालन



## ६. वडाका केही विद्यमान समस्या तथा सुधारात्मक पक्षहरुः

- लुम्बिनी प्रदेशको राजधानी घोषणा भई बिस्तारित हुदै गएको क्षेत्र भएको कारणले भौतिक पूर्वाधार विकासको आवश्यकता र जनअपेक्षा अत्याधिक मात्रामा बढेको छ । जनअपेक्षा अनुसारको बजेट व्यवस्थापनका लागि प्रदेश तथा संघीय सरकारसँगको समन्वय यथोचित रुपमा हुन नसकेको पाइन्छ ।
- सामाजिक तथा आर्थिक विकासको क्षेत्रमा गरिएको लगानी पूर्वाधार विकासको तुलनामा अत्यन्त न्यून देखिएको छ ।
- बजार क्षेत्र, सार्वजनिक स्थल, मन्दिर र नदीक्षेत्रमा फोहरमैला व्यवस्थापनको मुद्धा दिनानुदिन जटिल बन्दै गएको छ ।
- उद्यमशीलता र आर्थिक वृद्धिदर हासिल गर्ने प्रकारका पेशा-व्यवसायहरुको प्रबर्द्धन मार्फत स्थानीय सरकारको राजश्व/कर बृद्धि गर्ने पहल हुन सकेको छैन । निजी क्षेत्र र संघ-संस्थाहरुसँगको समन्वयको अभावमा यस प्रकारका उपलब्धिहरु नगण्य मात्रामा मात्र प्राप्त भएको पाईन्छ ।

## ७. सामाजिक परीक्षणको निश्कर्ष तथा सुझावः

- समष्टिगत विकास प्रयासका हिसाबले ८५ प्रतिशत भन्दा धेरै योजनाहरु सम्पन्न भएका छन । पूर्वाधार विकास, सडक निर्माण तथा मर्मत, स्वास्थ्य क्षेत्र, लक्षितवर्गका प्रबर्द्धनात्मक कार्यक्रम, रोजगारमूलक सीप विकास, दीर्घकालिन वातावरणीय संरक्षण तथा सौन्दर्यीकरण र शिक्षा सम्बन्धी कार्यक्रमहरुको उपलब्धि उच्च देखिए पनि आर्थिक समृद्धिका दृष्टिले मेरुदण्डको रुपमा रहेको कृषि, सिंचाई र पशुपालन क्षेत्रमा योजना मुताविक कम प्रगति देखिएकोले आगामी दिनमा उल्लिखित क्षेत्रको समेत उच्च कार्यसम्पादनका लागि प्राथमिकता दिन आवश्यक ठानिएको छ ।
- योजनाहरुको कार्यान्वयन चरणमा विज्ञ जनशक्ति, संचार जगतका प्रतिनिधिहरु सहित जनप्रतिनिधिहरुबाट गरिनुपर्ने सुपरीवेक्षण तथा अनुगमन कार्यमा केन्द्रित हुन आवश्यक देखिएको छ, साथै सम्पन्न भएका कार्यक्रमहरुको उपलब्धी सहितको रिपोर्ट तयार गरी प्रचारप्रसार गर्नुपर्ने आवश्यक ठानिएको छ ।
- राप्ती गाउँपालिका वडा न. २ बहुधार्मिक तथा बहुसांस्कृतिक क्षेत्रको प्रबर्द्धन, विकास र स्थानीय पर्यटन प्रबर्द्धनका लागि योजनाबद्ध विकास रणनीतिको आवश्यकता रहेको छ । हाल भैरहेको पर्यटन प्रबर्द्धन र शहरी सौन्दर्यीकरणका अतिरिक्त एकीकृत योजना सहितको पर्यटन प्रबर्द्धन नीति तथा कार्यक्रम तय गरी यस क्षेत्रलाई समेत प्राथमितापूर्वक कार्यान्वयन गर्नुपर्ने देखिएको छ ।
- नागरिक गुनासो व्यवस्थापनलाई विधिसम्मत रुपमा व्यवस्थित गर्ने र समय समयमा जनप्रतिनिधि तथा कर्मचारीहरुको उपस्थितिमा सार्वजनिक सुनुवाई, गुनासो चौतारी जस्ता जनतासँगको साक्षात्कार कार्यक्रमहरु

सञ्चालन गरी जनगुनासो कम गर्ने र जनप्रतिनिधि-सेवाग्राही सम्बन्धलाई पुनर्ताजगी गर्न उपयुक्त ठानिएको छ । यसका लागि आगामी दिनमा योजना तर्जुमा, अनुगमन र जवाफदेहीता तथा पारदर्शीता अभिवृद्धिका कार्यक्रमहरु संचालन गर्न समेत बजेट विनियोजन गर्न र नियमानुसार सोको खर्च हिसाब लेखापरीक्षण प्रतिवेदनमा छुट्टै उल्लेख गर्न समेत सुझाव पेश गरिन्छ ।

- टोलविकास संस्थाका पदाधिकारीहरुलाई क्षमता विकास तालिम तथा सीप सहित न्यूनतम सामाग्री उपलब्ध गराउनुपर्ने ।
- गौधुप तयारी तालिम र उपकरणको पूर्ण प्रयोग गर्नुपर्ने देखिन्छ ।
- कृषि एम्बुलेन्सको प्रभावकारीता अध्ययन गरी अगाडी बढ्नुपर्ने देखिन्छ ।
- हाल अभ्यासमा रहेको उल्लेखनीय एवम् स्थानीय सेवाग्राहीले प्रशंसा गरेका सेवाहरुको निरन्तरताका लागि नीतिगत रुपमा नै निर्णय गरी कार्यान्वयन गर्न र यस प्रकारका राम्रा अभ्यासहरुले दिएका सकारात्मक सन्देशहरु बारे लिखित दस्तावेजहरु तयार गरी अभिलेखीकरण गर्न समेत सुझाव पेश गरिन्छ ।
- उद्योबाणिज्य संघ, प्रहरी, होटल व्यबसायी, यातायात व्यबसायी, टोलविकास संस्था र अन्य संघसस्थासँग समन्वय गरी यूवालक्षित कार्यक्रममा विशेषगरी लागूऔषध नियन्त्रण, अनुगमन सार्थ हिंसा न्यूनिकरण सम्बन्धी अभियानहरुलाई निरन्तरता दिनुपर्ने देखिएको छ ।



